# स्वीट कर्न खेती प्रविधी
# (Sweet corn cultivation)

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

**परियोजना कार्यान्वयन एकाइ**

दिक्तेल, खोटाङ

# १. परिचय

स्वीट कर्नलाई एक गुलियो प्रजातिको मकै हो । सामान्य मकैमा भन्दा यसमा सुगरको मात्रा बढि हुन्छ । अन्य मकैलाई दानाहरू सुकेपछि टिप्ने गरिन्छ भने स्वीच कर्नलाई चाहिँ कलिलै अवस्थामा टिपेर उपयोग गरिन्छ । यसलाई हामी काँचै, उसिनेर अथवा तरकारी बनाएर उपयोग गर्न सकिन्छ । स्वीट कर्न पहेँलो र सेतो दुबै प्रकारको हुन्छ तर पहेँलो जातको स्वीट कर्नलाई बढि रूचाइन्छ । स्वीट कर्न रोपेको ८० देखि ९० दिनमा उपयोग गर्न तयार हुन्छ । अन्य मकै भन्दा ३५ देखि ४५ दिन छिटो भाँच्न तयार हुन्छ ।



## हावापानी:

स्वीट कर्न खेती विभिन्न प्रकारको हावापानीमा गर्न सकिन्छ । बीउ उम्रने देखि फुल फुल्ने बेलासम्म केहि गर्मी र आद्रता भएको हावापानीमा यो बालीको सफल खेती गर्न सकिन्छ । उक्त बालीको बोट बढ्नको लागी १८ देखि ३२° सेल्सियस जरूरी पर्दछ भने ३५° सेल्सियस भन्दा माथीको तापक्रममा भने बोटको वृद्ध विकास रोकिने क्रम शुरू हुन्छ ।

## जग्गाको छनोट:

प्रशस्त प्रांगारिक पदार्थ, पानी नजम्ने, माटोको पी.एच ५.५-७ र निकासको राम्रो व्य( वस्था भएको दोमट माटोलाई स्वीट कर्न खेतीको लागि उपयुक्त मानिन्छ ।

## जमिनको तयारी:

साधारणतया स्वीट कर्न खेती गर्दा २-३ पटक खनजोत गर्नु पर्दछ । माटोको अवस्था अनुसार जोताई पछि डल्ला फुटाउने र बुर्बुराउदो बनाउदा उमार राम्रो हुन जान्छ ।

बोट घनत्व भने बमिजम कायम भै उत्पादन राम्रो हुन्छ। सुख्खा जमिनमा जोत्न भन्दा पहिले सिँचाई दिई जोतेमा माटो सजिलै बुर्बुराउदो हुन्छ ।

## मलखादको प्रयोग:

मलखादको प्रयोग मकैको जात, लगाउने समय माटो परीक्षणाको नितजा इत्यादि कुरमा निर्भर गर्दछ। माटोको उर्वरशक्ति दिगो राख्न गोवर, कम्पोष्ट मल १०-१५ टन प्रति हेक्टर पहिलो जोताईमा प्रयोग गर्नु पर्छ। रासायानिक मल रोप्ने समयमा १२०:६० :४० ना.फ.पो सिफारीस मात्राको अधा भाग नाईट्रोजन तथा फोस्फोरस र पोटासको पुरै मात्रा समिन तयारी गर्ने बेलामा प्रयोग गर्नु पर्दछ। बाँकि नाईट्रोजन बिरूवा उम्रेको द्दछ दिनमा र धान चमरा अउने बेलामा टप ड्रेसको रूपमा प्रयोग गर्नु पर्दछ।

## बिउको दर:

ज्यवलर प्लान्टर वा कुटोले हात मिलाई लगाएमा १०-११ केजी बिउले प्रति हेक्टरलाई पुग्दछ।

## रोप्ने तरिका:

यो मकै खेती गर्दा पंक्तिबद्द तरिकाले लगाउनु पर्दछ। साधारणतय एक हार देखि अर्को हारको दुरी ६० सी र बोट देखि बोटको दुरी २५ से.मी हुनु पर्दछ। बीउलाई २ ईन्च अथवा ५ से.मी. गहिराइमा पर्ने गरी रोप्नु पर्दछ ।



## बीउ उपचार:

बीउबाट हुने रोग र कीराबाट बचाउन वीउको उपचार गरिन्छ। ५ ग्राम इमिडाक्लो प्रिड (७० WS) प्रति किलोग्राम बीउका दरले बीउ उपचार गर्दा बीउ रोपेको १० दिन सम्म फैजिकिरा नियन्त्रण गर्न सकिन्छ। ढुसिनासक वषादीले बिउ उपचार गर्दा ढुसिबाट लाग्ने रोगहरू नियन्त्रण हुन्छ।




## झारपात नियन्त्रण:

जग्गा छनोट गर्दा हानिकारक झारपात नभएको छनोट गर्नु पर्दछ। झारपातले बा( लीलाई अवश्यक पोषक तत्व सुर्यको प्रकाश इत्यादिमा प्रतिस्पर्धा गर्नुका साथै रोग किरा लाई प्रश्रय दिने एवं उत्पादनको गुणस्तरमा पनि असर पुर्यादछ। विरूवा सानो हुदाँ झारपात सँग प्रतिस्पर्धा गर्न सक्दैन त्यसैले यो बेला भने झारपात नियन्त्रण गर्न अति जरूरि हुन्छ त्यसैले उम्रिएको २०-२५ दिनमा गोडमेल गर्नु पर्दछ। यस गोडाइमा झारपात हरू पूर्णतया हटाउनु पर्दछ। दोश्रो गोडाई को २/३ हप्ता पछि गर्नु पर्दछ। यस गोडाईमा उकेरा लगाउदा राम्रो हुन्छ। उकेरा बोट नजिकको माटो जराको वर ीपरी थुपारेर गरिन्छ। यदि धेरै जमिनमा लगाइएको छ भने झारनासक विषादिहरूको प्रयोग गर्न सकिन्छ।

## उकेरा लगाउने:

उकेरा लगाउनुको उद्धेश्य जमिनमाथी रहेका जरा हरूलाई ढाक्नु र माटो बाट पौष्टिक तत्व लिने काममा सहयोग पुर्याउनुको साथै बोटहरूलाई ढल्नबाट रोक्नु तथा पानीको राम्रो निकास गराउनको लागि उकेरा लगाइन्छ ।




## धान चमरा हटाउने:

स्वीट कर्नमा प्राय: जुँगा आउनु भन्दा पहिला ४ देखि ५ दिन पहिले धान चमरा आ( उँदछन् । भर्खर धान चमरा निस्किएको बेलामा वृद्धि गरेको बारी निरिक्षण गर्नुपर्दछ । एक लाईन छोडि अर्को लाईनको मकै बाट धान चमरा हटाउनु पर्दछ ।

## धान चमरा निकाल्दा ख्याल गर्नुपर्ने कुराहरू:

- धान चमरा परागकरण झर्नु र फैलनु भन्दा पहिले हटाउनु पर्दछ ।
- देब्रे हातले धान चमरा भन्दा तल झण्डे पात भएको ठाउँमा पूरा मूठिले समाती दाहिने हातले सम्पूर्ण धान चमरालाई समाती तान्नु पर्दछ। यसो गर्दा सजिलै धान चमरा बाहिर आउँछ। धान चमरा भाँचेर वा कैंची तथा चक्कु आदिले काटेर पनि हटाउन सकिन्छ। तर धान चमराको थोरै भाग पनि छुटाउनु हुँदैन ।

## सिँचाई व्यवस्थापन:

माटोको अवस्था हेरेर सिँचाईको आवश्यकतामा फरक पार्दछ । बढ्दै गरेको स्वीट कर्नमा २.५-४ cm गहिरो सम्म राम्ररी भिज्ने गरी सिँचाई गर्नु पर्दछ। सुख्खा माटोमा

७-८ पटक गर्नु पर्दछ भने चिम्ट्याईलो चिस्यान भएको माटोमा ४-५ पटक सिँचाई गर्नु पर्छ। यो मकैमा धानचमरा आउने, जुँगा आउने र दाना भरिने अवस्थामा सिँचाई अति संवेदनशील हुन्छ।

## मकै भाँच्ने र थन्क्याउने:

प्रायः जसो स्वीट कर्नलाई घोगाको खोस्टा हरियो रंगको हुँदा नै भाँच्ने गरिन्छ। जात अनुसार मकैको घोगा पूर्ण रूपमा आफ्नो आकार आएपछि खोसेल्टा टाईट भएपछि र जुँगा हल्का सुक्न थालेपछि भाँच्नु पर्छ। मकैको दानालाई निचोर्दा दुध निस्कने अवस्थामा नै भाँच्न उपयुक्त हुन्छ। यो अवस्थामा खोसेल्टा हरियो नै हुन्छ। वातावरण चिसो भएको बेला विहान वा वेलुकी पख हातले वा मेशीनले भाँच्न सकिन्छ स्वीट कर्न भाँच्ने बेलामा मकैको दानामा करिब ७०% चिस्यान र सुगरको मात्रा ११ अथवा २० % भन्दा माथी हुनुपर्दछ। राम्रो वातावरण पाएमा हिउँदमा प्रत्यक बोटले २ वटा घोगा हाल्छ। बजारका सुबिधा अनुसार ७-१० दिनको फरकमा मकै भाँचि ताजा मकै बेच्न सकिन्छ।

भाँचिसकेको स्वीट कर्नलाई तातो ठाउँमा राख्दा गुलियोपना हराउँदै जान्छ त्यसैले यसलाई चिसो ठाउँमा भण्डारण गर्नु पर्दछ।